प्रदेश सरकार

लुम्बिनी प्रदेश

# प्रदेश योजना आयोग

मुकाम:बुटवल, नेपाल

## शोधवृति कार्यक्रम(Research GrantProgram) कार्यविधि, २०७८

प्रस्तावना:- प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ६(घ) बमोजिम प्रादेशिक नीतिको सान्दर्भिकता, नीति तथा योजनाको विकास र कार्यान्वयन एवम् विकास योजना र कार्यक्रमका विभिन्न पक्षहरूमा केन्द्रित रहीआर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, ऊर्जा, प्राकृतिक स्रोत व्यवस्थापन, विज्ञान प्रविधि, सुशासन र व्यवस्थापन लगायतका विषयक्षेत्रहरूमा अध्ययन, अनुसन्धान र शोध गर्नु, गराउनु प्रदेश योजना आयोगको काम, कर्तव्य र अधिकारको विषय भएको हुँदा सो विषयको कार्यान्वयन गर्ने शिलशिलामा प्रदेशसरकार र विश्वविद्यालयका बीच शोधवृति कार्यक्रममार्फत सहकार्य गर्नका लागि प्रस्तुत कार्यक्रम निर्माण गरिएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः

१) यो कार्यविधिको नाम शोधवृत्तिकार्यक्रम (Research Grant Program) कार्यविधि, २०७८ रहेको छ ।

२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२.परिभाषाः

विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "प्रदेश सरकार" लुम्बिनी प्रदेश सरकार, लुम्बिनी प्रदेश सम्झनु पर्दछ ।

ख) "आयोग" वा "योजना आयोग"भन्नाले प्रदेश योजना आयोग, लुम्बिनी प्रदेश लाई संझनुपर्दछ ।

ग) "विश्वविद्यालय"भन्नाले उच्च शिक्षाको अध्यापन गराउने अनुमति प्राप्त नेपालभित्रका विश्वविद्यालयहरुलाई सम्झनुपर्दछ र सो शब्दले त्यस्ता विश्वविद्यालयहरूका आंगिक वा सम्बन्धन प्राप्त संस्थालाई समेत जनाउँछ।

(घ) "शोधवृति" भन्नाले नेपालको कुनै विश्वविद्यालयकोपाठ्यक्रमको व्यवस्थाबमोजिम अनुसन्धान गरी शोधपत्र पेश गर्ने विद्यार्थीलाई प्रदेशको विकास र समृद्धिका विषयमा अनुसन्धान सहयोग गर्नका लागि प्रदेश योजना आयोगमार्फत प्रदान गरिने प्रोत्साहन रकमलाई सम्झनु पर्दछ ।

(ङ) "वार्षिक संख्या" भन्नाले दफा ५ बमोजिम एक आर्थिक वर्षमा शोधवृति दिन भनी तोकिएको संख्यालाई जनाउँदछ।

घ) "विषय क्षेत्र" भन्नाले दफा ४ मा उल्लेखित विषय क्षेत्रहरुलाई जनाउँदछ।

ङ) विद्यार्थी भन्नाले विश्वविद्यालय वा शिक्षण संस्थाहरूमा स्नातकोत्तर वा माथिल्लो तहमा अध्ययनरत विद्यार्थीहरूलाई जनाउँछ।

३ क्रियाकलापहरु:

यो कार्यविधिको उद्देश्य पुरा गर्न देहायका क्रियाकलापहरुसंचालन गर्न सकिने छ:

(क)प्रदेश सरकार र शैक्षिक संस्थाबीच सहकार्यको संस्कृति विकास गरी गरी प्रदेशको विकास र समृद्धिका लागि सहयोगी हुने अनुसन्धान गर्न सहयोग गर्ने।

(ख)प्रदेशका सम्पदा र संभावनाहरूसँग परिचित गराउँदै प्रदेशको विकासमा योगदान दिनसक्ने जनशक्ति उत्पादनमा सहयोग पुर्‍याउने।

(ग)नेपालका विश्वविद्यालयहरूमा शोध अनुसन्धान गर्ने विद्यार्थीलाई आर्थिक सहयता उपलब्ध गराई व्यहवारिक र प्रत्यक्ष उपयोगी हुनसक्ने अनुसन्धानतर्फ आकर्षित गर्ने।

(घ)नेपालका विश्वविद्यालयहरूमा शोध अनुसन्धान गराउने प्राध्यापकहरूसँग सहकार्यको वातावरण सिर्जना गरी त्यस्ता प्राध्यापकहरूको विज्ञतालाई प्रदेशको विकासमा उपयोग गर्ने।

४. विषय क्षेत्रहरू:

१. प्रदेश योजना आयोगले निम्न विषयक्षेत्रहरूमा शोधवृति प्रदान गर्न सक्नेछ।

क. आर्थिक विकास

ख. सामाजिक विकास

ग. भौतिक पूर्वाधार, ऊर्जा, प्राकृतिक स्रोत व्यवस्थापन तथा विज्ञान प्रविधि

घ. सुशासन, विकास प्रशासन र व्यवस्थापन

२.उपदफा १ का विषयसंग सम्वन्धित विषय उपक्षेत्रहरु अनुसुची -१ बमोजिम हुने छ । अनुसुची १का विषय उपक्षेत्रहरु योजना आयोगको नियमित बैठकले निर्णय गरे अनुसार हुनेछन् ।

५. प्रस्तावका प्रकारहरू:

(१)यस कार्यक्रमको प्रयोजनका लागि दुईप्रकारका प्रस्ताव आव्हान गरिनेछ:

(क)विषयक्षेत्र वा शीर्षक खुलाइएका(Solicited)

(ख) विषयक्षेत्र वा शीर्षक नखुलाइएका (Unsolicited)

(२)उपदफा (१) को खण्ड (क) को प्रयोजनको लागि अनुसुची २ बमोजिमका शीर्षकहरु रहनेछन् । अनुसुची २ का शीर्षकहरु योजना आयोगको नियमित बैठकले निर्णय गरे अनुसार हुनेछन् ।

(३) उपदफा (२) बमोजिमको अनुसुचीमा वार्षिक संख्या भन्दा बढी विषयक्षेत्र वा शीर्षक खुलाउन सकिनेछ र ती सबै विषय शोधको लागि छनोटगर्न अनिवार्य पर्ने छैन ।

(४) उपदफा (३) बमोजिम खुलाईएको विषयक्षेत्र वा जरूरी हुनेछैन। खुलाइएको विषयक्षेत्र वा शीर्षक हुबहु नभई परिमार्जन गरेर पनि प्रस्ताव पेश गर्न सकिनेछ। तर प्रस्तावमा कुन प्रकारको हो भनी खुलाउनुपर्नेछ।

(५) दुई प्रकारअन्तर्गत प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गरी उपयुक्तताको आधारमा पहिलो र दोस्रो प्रकारबाट कति-कति छनोट गर्ने भन्ने कुरा आयोगको नियमित बैठकका निर्णय गरिने छ ।

(६) उपदफा (१) बमोजिम विषयक्षेत्र छनोट गरी निर्णय गर्दा विषयक्षेत्रगत तथा भौगोलिक सन्तुलनसमेतलाई आधार लिइनेछ। तर एउटा ठूलो अनुसन्धान परियोजनामा एकभन्दा धेरै शोधार्थीहरूले फरक-फरक शीर्षकमा शोध गर्ने गरी प्रस्ताव आएमा भने उही भौगोलिक क्षेत्रमा धेरै विषय छनोट गर्न वाधा पुगेको मानिनेछैन।

६. योग्यताः

(१) नेपालभर रहेका मान्यताप्राप्त शिक्षणसंस्थाहरूमा स्नातकोत्तर वा सोभन्दा माथिल्लो तहमा अध्ययनरत रही शोध अनुसन्धानको शुरूवात गर्न लागेका वा प्रारम्भिक चरणमा रहेका पूर्णकालीनविद्यार्थीहरूले यो शोधवृतिको लागि आवेदन दिन सक्नेछन्।

(२) आवेदक नेपाली नागरिक हुनुपर्नेछ।

(३)विद्यार्थी अब्बल शैक्षिक योग्यता र शोधको लागि गहिरो अभिरूचि भएको हुनुपर्नेछ।

७. आवेदन तथा छनोट प्रक्रियाः

(१) आयोगले सार्वजनिक सूचना निकालेर ३५ दिनको म्यादसहित सोध प्रस्ताव आव्हान गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना निकाल्दा सार्वजनिक मिडियामा संक्षिप्त सूचना निकाली विस्तृत विवरण प्रदेश योजना आयोगको वेवसाइटमा राखिनेछ।

(३) आवेदनको साथमा स्नातकोत्तर वा सोभन्दा माथिल्लो तहमा अध्ययनरत रहेको प्रमाण र प्रथम खण्ड वा वर्षको लब्धाङ्कपत्र भएमा सो समेत पेश गर्नुपर्नेछ । विद्यार्थीको ज्ञान, दक्षता, विशिष्टता एवम् प्रस्तावित अनुसन्धानको लागि उपयुक्तता दर्शाउने थप प्रमाणहरू पेश गर्न सकिनेछ।

(४) आवेदनको साथमा बढीमा ५ पेजको लुम्बिनी प्रदेशको लागि उपयोगी हुने अनुसन्धान प्रस्ताव (Research Proposal) पेश गर्नुपर्नेछ ।

(५)प्रस्तावमा शीर्षक, परिचय, समस्याको पहिचान, उद्देश्य, अनुसन्धान विधि, समयसीमा, बजेट, अपेक्षित उपलब्धिजस्ताकुराहरू समावेश हुनुपर्नेछ।

(६) आवेदनको साथमा शिक्षण संस्थामा पूर्णकालीन सेवारत सुपरिवेक्षकले आफूमातहत शोध गराउने हो भनी सिफारिस गरेको पत्र संलग्न हुनुपर्नेछ।

(७) अध्ययनरत शिक्षण संस्थाबाट विद्यार्थीले तोकिएको सुपरिवेक्षकको सुपरिवेक्षणमा तोकिएको विषयमा शोध गर्न लागेको विषयखुलेको तथा शोधवृति निवेदनका लागि सिफारिस गरेको पत्र समेत संलग्न हुनुपर्नेछ।

(८) आवेदनको साथमा प्राप्त हुन आएका प्रस्तावहरूमध्येबाट छनोट समितिले तोकिएको वार्षिक संख्यामा शोधवृतिका प्रस्तावहरु छनोट गर्नेछ, साथै बढीमा ३ वटासम्म वैकल्पिक प्रस्तावहरूको सूची प्रकाशन गरिनेछ र छनोटमा परेका प्रस्तावसंग सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावहरूमध्येबाट प्राथमिकता क्रमअनुसार अवसर दिइनेछ।

(९)सूचना गरेको समयमा पर्याप्त प्रस्ताव नआएमा वा प्राप्त प्रस्तावहरू अनुपयुक्त लागेमा प्रथम छनोट सम्पन्न भएपछि बाँकी रहेको संख्याको लागि पुनः सूचना प्रकाशित गरीपुनः छनोट गर्न सकिनेछ।

(१०) छनोट भएपश्चात् शोधवृतिसम्बन्धी सम्झौता गरी कार्यसम्पादन गर्नुपर्नेछ।

८. छनोटः

(१) प्रस्तावको मूल्यांकन गरी छनोट गर्न योजना आयोगको नियमित बैठकलेएक छनोट समिती गठन गर्नेछ ।

(२) प्रस्ताव छनौट गर्दा निम्नबमोजिमका ५ विषयलाई आधार बनाई हरेकलाई २०% अंकभारअनुसार मूल्याङ्कन गरिनेछः

(क) प्रस्तावको विषय, स्तर, लेखनशैली तथा सम्बन्धित तहको शोधको लागि उपयुक्तता

(ख ) विद्यार्थीको योग्यता तथा विशिष्ट क्षमता

(ग) विद्यार्थीकोप्रदेशको सम्पदा र संभावनाप्रतिको अभिरूचि, शोधप्रतिको लगाव तथा शोध पूरा गर्ने संभावना

(घ) सुपरिवेक्षकको अभिरूचि तथा बहु-विषयका सुपरिवेक्षकहरूको सहकार्य

(ङ) प्रदेशको लागि प्रस्तावित अनुसन्धानको उपयोगिता र विषयक्षेत्रगत तथा भौगोलिक सन्तुलनको अवस्था

(३) प्रस्ताव मूल्याङ्कनको क्रममा आवेदक विद्यार्थीसँग अन्तरवार्ता लिन सकिनेछ भने प्रस्तावित सुपरिवेक्षकसँग शोधको विषयबारे तथा आवेदकबारे छलफल गर्न सकिनेछ ।

९. शोधवृति प्राप्त गर्ने विद्यार्थीको दायित्व :

(१) शोधवृतिको लागि छनोट भएपछि छनोट हुने क्रममा छलफल भएका तथा छनोट भएपछि आयोगले दिएका सुझावहरू समेटेर छनोट भएको मितिले १० दिनभित्र संशोधित प्रस्ताव पेश गर्नुपर्नेछ र सोही प्रस्तावलाई समेटेर शोध सम्पन्न गर्ने प्रतिबद्धतासहित आयोगको सचिवालयसँग सुपरिवेक्षकको रोहबरमा सम्झौता गर्नुपर्नेछ। यस्तो संझौता अनलाईन माध्यमबाट समेत आदान प्रदान गर्न सकिने छ ।

(२) संशोधित प्रस्तावमा शिक्षण संस्थामा प्रपोजल डिफेन्स वा स्वीकृत हुने, मध्यावधि प्रगति प्रतिवेदन स्वीकृत हुने वा डिफेन्स हुने र अन्तिम मूल्याङ्कन हुनेलगायतका मुख्य माइलस्टोन देखिने गरी कार्यतालिका समावेश हुनुपर्नेछ।

(३) मध्यावधि प्रतिवेदन र अन्तिम शोध प्रकाशनका मस्यौदाउपर आयोगसँग सुपरिवेक्षकसमेत सहभागी भई छलफल गर्नुपर्नेछ र सुझाव, प्रतिक्रियाहरूलाई सम्बोधन गर्नुपर्नेछ।

(४)अन्तिम शोधग्रन्थको बाइन्डिङ गरेको ५(पाँच) प्रति र इलेक्ट्रोनिक कपि एक प्रति चालु आ.व.को जेष्ठ मसान्त भित्र आयोगमा बुझाउनुपर्नेछ।

(५)आवश्यकताअनुसार शोधको विषयक्षेत्रसँग सम्बन्धित स्थलगत भ्रमण गर्नुपर्नेछ। शोधवृतिबाहेक यस्तो भ्रमणको लागि अतिरिक्त खर्चको व्यवस्था हुने छैन। आयोगको भ्रमणदलसँग सँगै जान अनुकुल अवस्थामा आयोगकै सवारीसाधनमा जान सकिनेछ तर आयोगको कार्यालयसम्म आउने जाने प्रबन्ध भने आफै गर्नुपर्नेछ।

(६)आवश्यकताअनुसार शोधको विषयक्षेत्रसँग सम्बन्धित नापजाँच तथा प्रयोगशाला परीक्षण आफै वा शिक्षणसंस्थामार्फत गर्नुपर्नेछ।

११. शोधवृतिको सुविधा तथा सुविधा प्रदान गर्ने विधि:

(१) शोधवृति नपाएपनि विद्यार्थीले आफ्नो शैक्षिक कार्यक्रमअनुसार शोध गर्नुपर्ने नै हुने भएकोले शोधवृति विद्यार्थीलाई उत्प्रेरणा जगाउने सोचका साथ प्रदान गरिने एक किसिमको छात्रवृति वा सहायता हो, पुरै शोधको प्रायोजन होइन।

(२) विद्यार्थीले अन्य स्रोतबाट अन्य किसिमका छात्रवृति वा सुविधा प्राप्त गरेको वा गर्नसक्ने संभावनाले यो शोधवृति प्रदान गर्न कुनै वाधा परेको मानिनेछैन।

(३)सम्झौता गरेअनुरूपको कार्यतालिका अनुसार शोधवृतिवापतको कुल १ लाख रकम मध्ये विद्यार्थीलाई भ्रमण, परीक्षण, नापजाँच, स्टेशनरी र उत्प्रेरणाबापत एकमुष्ट शोधवृति ८० हजार र सुपरिवेक्षकलाई अतिरिक्त समय व्यवस्थापन, मिटिङ, भ्रमणलगायतका खर्चको लागि भनेर एकमुष्ट २० हजार प्रदान

गरिनेछ तर सुपरिवेक्षकको लागि छुट्टाइएको अंश सुपरिवेक्षकले लिन नचाहेमा सोसमेत विद्यार्थीलाई प्रदान गर्न सकिनेछ।

(४) यी दुवै रकम प्रदान गरिने तालिका यसप्रकार हुनेछः-

| समयतालिका | अंश (दुवैको लागि) |
|---|---|
| सम्झौताको बखत | २५% |
| मध्यावधि प्रतिवेदन प्रस्तुत गरे पछि | ५०% |
| अन्तिम प्रतिवेदन वा मस्यौदा पेश गरे पश्चात | २५% |

(५)आर्थिक वर्ष र शैक्षिक शत्रको तालमेल नमिल्न सक्ने हुँदा अन्तिम प्रतिवेदन प्राप्त नभएता पनि मस्यौदाको आधारमा भुक्तानी हुन कुनै वाधा हुनेछैन। तर अन्तिम प्रतिवेदन पेश गर्ने नैतिक दायित्व भने विद्यार्थी र सुपरिवेक्षकमा रहनेछ।

(६) माइलस्टोनमा आधारित भुक्तानी भएकोले कुनै कारणले अर्को माइलस्टोन सम्पन्न नहुने स्थिति भएमा थप भुक्तानी पाइनेछैन ।

१२. प्रकाशन गर्न सक्ने :-

(१) विद्यार्थी र सुपरिवेक्षकले शोध गरेको विषयमा स्तरीय जर्नलहरूमा प्रकाशन गर्न प्रयास गर्नुपर्नेछ यसरी प्रकाशन गर्दा आयोगको सहयोगलाई अनिवार्य उल्लेख गर्नुपर्नेछ।

मुख्यमन्त्री

## दफा ४ को व्यवस्थाबमोजिमको अनुसुची-१ (आर्थिक वर्ष २०७८/७९)

प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य मार्फत् विज्ञान र प्रविधिको क्षेत्रमा स्नातकोत्तर गर्दै गरेका युवालाई प्रदेशका सम्पदा र सम्भावनामा केन्द्रित रहेर शोध अनुसन्धान गर्नका लागि प्रदेश योजना आयोगमार्फत् वर्षको १० विद्यार्थीलाई शोधवृति प्रदान गरिने व्यवस्था शुरू गर्नका लागि रू. १० लाख बजेट विनियोजन गरेको सन्दर्भमा आर्थिक वर्ष २०७८/७९ को लागि दफा ४.३ बमोजिमको विषयक्षेत्रमा शोधवृति प्रदान गरिनेछ। विषयक्षेत्रको विस्तृतीकरण निम्नबमोजिम हुनेछः

**भौतिक पूर्वाधार, ऊर्जा, प्राकृतिक स्रोत व्यवस्थापन र विज्ञान प्रविधि सम्बन्धी उपक्षेत्रहरू**

क. भौतिकशास्त्र, जीवविज्ञान, रसायनशाश्त्र लगायतका विज्ञान विषयहरू (प्रदेशको लागि उपयोगी हुनेगरी)

ख. भूगर्भ (खानी, पहिरो तथा विपद समेत)

ग. पूर्वाधार निर्माण (सडक, पुल, भवन, सिँचाइ, जलाशय लगायत)

घ. सतही तथा भूमिगत जलस्रोत

ङ. ऊर्जा विकास र उपयोग (जल, सौर्य, वायु, जैविक लगायत)

च. कृषि (कृषिमा यान्त्रीकरण, भण्डारण, ढुवानी, प्रशोधन र पोषण समेत)

छ. पशुपालन (पंक्षी, मौरी, रेशम तथा माछा समेत)

ज. वनजंगल (काठ, दाउरा, जंगली फलफूल, जडिबुटी तथा जंगली जीवजन्तुको संरक्षण र व्यवस्थापन समेत)

झ. वातावरण, जलवायु तथा चटयाङ

ञ. स्वास्थ्य विज्ञान तथा चिकित्सा

ट. परम्परागत प्रविधि र तिनको आधुनिकीकरण

ठ. नविन प्रविधि र तिनको प्रदेशमा स्थापना तथा स्थानीयकरण (सूचना प्रविधि, मेशिनरी तथा उद्योग स्थापना समेत)

ड. नवप्रवर्तन तथा पद्धति र प्रविधिमा सुधारसम्बन्धी

ढ. प्रविधिको माध्यमबाट पर्यटन प्रवर्द्धन

ण. सुरक्षा वृद्धिसम्बन्धी (सडक सुरक्षा, जलसुरक्षा, पहिरो, आगलागी, चटयाङ, बाढीबाट सुरक्षा आदि)

यो कार्यक्रममार्फत माथि उल्लेख गरिएका प्राथमिकताका उपक्षेत्रहरूबाहेकका आवश्यकताका अन्य उपक्षेत्रहरूमा शोधवृति प्रदान गर्न बन्देज लगाएको मानिनेछैन। शोधका विषयहरूविषयक्षेत्रसँग सम्बन्धित भएनभएको निर्क्यौल गर्ने अधिकार योजना आयोगसँग हुनेछ ।

मुख्यमन्त्री

## दफा ५ को व्यवस्था बमोजिमको अनुसुची-२ (आर्थिक वर्ष २०७८/७९)

आर्थिक वर्ष २०७८/७९को लागि अनुसुची -१ बमोजिमका विषयक्षेत्र र उपक्षेत्रअन्तर्गत दशवटा (१० वटा) शीर्षकमा शोधवृति प्रदान गरिनेछ।

दफा ५-१ बमोजिम खुलाइएका विषयक्षेत्र वा शीर्षकहरू निम्नबमोजिम छन्

| क्र. सं. | शीर्षक | विषयक्षेत्र |
|---|---|---|
| १ | प्यूठानको आर्नेटामा परम्परागत फलाम खानी तथा खनिज स्रोतको अध्ययन, | भूगर्भशास्त्र |
| २ | गुल्मी धुर्कोटको विचित्र गुफाको भौगर्भिक अध्ययन | भूगर्भशास्त्र |
| ३ | बर्दियामा निकुञ्ज तथा कर्णाली नदीले पारेको प्रभाव अध्ययन | वन / जलस्रोत / भूगर्भ |
| ४ | भैरहवा विमानस्थल नजिकै "विमानस्थल नगरी" विकास | शहरी विकास / सिभिल इन्जिनियरिङ |
| ५ | रूकुम पूर्वका खोलानालाहरूको जलविद्युत् संभाव्यता अध्ययन | जलस्रोत / सिभिल इन्जिनियरिङ |
| ६ | पाल्पाको दालचिनी तथा तेजपत्ता प्रवर्द्धन | वन वातावरण |
| ७ | रुपन्देहीका हाटबजारको कृषि अर्थतन्त्रमा योगदान | कृषि र अर्थतन्त्र |
| ८ | परम्परागत आरनको आधुनिकीकरण तथा औद्योगिक प्रवर्द्धन | मेकानिकल /औद्योगिक इन्जिनियरिङ |
| ९ | इन्डक्सन चुलोमा गैह्र-चुम्बकीय भाँडा बसाल्न मिल्ने एडाप्टर प्लेटको विकास | मेकानिकल / औद्योगिक इन्जिनियरिङ |
| १० | वनफलहरूमा उपलब्ध हुने पोषणपदार्थ मापन तथा ती फलहरूको व्यावसायीकरण | वन वातावरण / खाद्य तथा पोषण |
| ११ | बर्दियामा तराईक्षेत्रको लागि तथा/वा अर्घाखाँचीमा पहाडी क्षेत्रको लागि तथा/वा रुकुम पूर्वमा हिमाली क्षेत्रको लागि मोडेल होमस्टेको अवधारणा | आर्किटेक्टर/ ग्रामीण विकास |
| १२ | रूकुम पूर्वमा नमुना हिमाली सदरमुकामको गुरूयोजना विकास | आर्किटेक्टर / ग्रामीण विकास |
| १७ | कपिलवस्तुको पुरातात्विक सम्पदासम्बन्धी वैज्ञानिक अध्ययन | पुरातत्व |
| १३ | गण्डक नहरबाट नजिक पर्ने पश्चिम नवलपरासीको भूभागमा नयाँ व्यापारिक गन्तव्य विकास गर्नेबारे पूर्वसंभाव्यता अध्ययन | शहरी विकास / सिभिल इन्जिनियरिङ |

मुख्यमन्त्री

| | | |
|---|---|---|
| १४ | बाँकेको नरैनापुर र लक्ष्मणपुर क्षेत्रको विकासमा मूलप्रवाहीकरण | शहरी विकास / सिभिल इन्जिनियरिङ |
| १५ | प्युठान जिल्लाको नौमुले खोलाको जलविद्युत उत्पादन त्यसको सम्भाव्यता अध्ययन | जलश्रोत तथा उर्जा |
| १६ | गुल्मी जिल्लाको कंके देउराली गोहरी खोलामा बहुउदेश्यीय ताल निर्माण सम्भाव्यता अध्ययन | शहरी विकास सिभिल इन्जिनियरिङ |
| १७ | अर्घाखाँची जिल्लाको सँस्कृत उद्गम स्थल पाणनी तपोभुमी को अध्ययन | सस्कृति मन्त्रालय |
| १८ | पाल्पा जिल्ला स्थित मानवजातिको उत्पति रामापिथेकस<br>पर्यटकिय (सिद्धवावा) सम्बन्धी अध्ययन | पुरातत्व |
| १९ | वन क्षेत्र र प्राकृतिक स्रोत व्यवस्थापन | वन तथा वातावरण |
| २० | पशु विज्ञान र त्यसमा लाग्ने रोग र समाधान | भेटनरी |
| २१ | व्यवस्थापन र सुशासन सम्बन्धी चुनौतीहरु | व्यवस्थापन |
| २२ | पिछडिएको कुमाल जातीको परम्परागत पेशा प्रवर्धन र आर्थीक उन्नती सम्बन्धि अध्ययन र सुझाव | व्यवस्थापन |
| २३ | श्रृङगेश्वर धार्मिक क्षेत्र वरपर होमस्टे निर्माण सम्भाव्यता अध्ययन । | सस्कृति |
| २४ | पाल्पाली करुवा उत्पादनको गुणस्तर सुधार र व्यापार योजना सम्बन्धि अध्ययन । | उद्योग |
| २५ | कपिलवस्तु अजिगरा-करमा ताल (बहुउदेश्यीय ताल )<br>को सम्भाव्यता अध्ययन | जलश्रोत तथा उर्जा |
| २६ | जडिबुटी प्रचुरता सम्बन्धी अध्ययन (तिला – नुम्बा (धान) सेरवी, नगरमोथा संरक्षण एवं व्यवस्थापन (कपिलवस्तु) | वन तथा वातावरण |
| २७ | शालिमेदहको पर्यटन विकासका सम्भाव्यता अध्ययन,गुल्मी मु.न.पा.८ | जलश्रोत तथा उर्जा |
| २८ | धान खेतमा माछा तथा हाँसको पालनको प्रभाव अध्ययन | कृषि |
| २९ | पूँजि बजारबाट प्रदेशको आर्थिक बृद्धि र विकासमा कस्तो प्रभाव | अर्थशास्त्र र व्यवस्थापन |

मुख्यमन्त्री